# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# भुरा माछा तथा माछापालन सम्बन्धि सामग्री खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान

# Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमतिद्वारा  सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९, सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोतबृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ। स्थानियद्धारा पहल गरिएका परियोजनाहरु मूख्यतय चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन्।

व्यवसायिक माछा पालन परियोजना बर्दघाट पश्चिम नवलपरासी सुनवल नगरपालिका वडा नं.२ र ९ मा संचालित छ। व्यवसायिक माछापालन बृद्धि गरि किसानहरुको आयश्रोतबृद्धि गर्ने उद्देश्यका साथ परियोजनाको कार्यक्षेत्रमा आवश्यक पर्ने भुरा माछा तथा माछापालन सम्बन्धी सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक नर्सरी, फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सार्वजनिक माछा नर्सरी वा फर्म तथा संस्था यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीमा भएका माछा भुराको संख्या, जात वा स्थानिय वातावरणमा कम लागतमा बढी उत्पादन हुने माछा भुरा तथा अन्य आवश्यक सामग्रीहरुको विस्तृत विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. अनुसूचीहरूमा उल्लेख गरिएको माछा भुरा तथा आवश्यक सामग्रीहरुको गुणस्तरका आधारमा प्रतिइकाई दररेट पेश गर्नुपर्ने हुन्छ ।

४. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्र सम्म माछा भुरा तथा सामग्रीहरु ढुवानी सेवा दिन सक्ने भएमा ढुवानीको दरभाउ खुलाई स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

५. कम्पनी/फर्म/नर्सरी/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र बोलपत्र पेश गर्नु पर्ने छ। म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

६. सेवाप्रदायकले माथि उल्लेखित माछा पालन परियोजनाको कार्य क्षेत्रमा माछाको भुरा तथा माछापालन सामग्रीहरु मध्ये कुनै एक वा दुबैको लागि दरभाउ पत्र दिन सक्ने छ । माछा पालन सम्बन्धि मेशीनरी सामग्री पेश गर्दा दरभाउको साथमा आफूले दिनचाहेको मेशीनरी सामग्रीको फोटो वा क्याटलग पेश गर्नु पर्नेछ ।

७. बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

८. बोलपत्र कागजातको मूल्यअंकित सूचीमाउल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

९. आवश्यक परेको खण्डमा, नर्सरी/कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

१०. छनौट भएको नर्सरी/कम्पनी/फर्म/अधिकृत बिक्रेता सँग वार्षिक सम्झौता गरिनेछ ।

११. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१२. **पेश गर्नु पर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

१३. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"भुरा माछा तथा माछापालन सामग्री दरभाउपत्र"** लेखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् २०७७/०२/२२ गते तदनुसार Jun 4, 2020 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेश्नल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ । यदि तोकिएको मिति सम्म कोभिड-१९ वा अन्य कुनै कारणले बन्दाबन्दि यथावत रहेमा दरभाउपत्र email मार्फत sahamatijobs@gmail.com ठेगानामा पठाई **अनिवार्य** eoi@gninepal.org ठेगानामा CC गर्नु पर्नेछ।

भुरा माछा तथा माछापालनका लागि आवश्यक सामग्रीहरुको विवरणसूची- १

| क्र.स. | नाम/विवरण | ईकाई | स्पेसिफिकेशन | प्रति ईकाई मूल्यअंकमा (कर लाग्ने भएमा कर सहित) | प्रति ईकाई मूल्यअक्षरमा (कर लाग्ने भएमा कर सहित) | हालउपलब्ध परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिल्भर कार्प | १ गोटा | | | | | |
| २ | विग हेड कार्प | १ गोटा | | | | | |
| ३ | ग्रास कार्प | १ गोटा | | | | | |
| ४ | कमनकार्प | १ गोटा | | | | | |
| ५ | रोहु | १ गोटा | | | | | |
| ६ | नैनी | १ गोटा | | | | | |
| ७ | मंगुर | १ गोटा | | | | | |
| ८ | कृषिचुन | १ किलो | | | | | |
| ९ | यूरिया | १ किलो | | | | | |
| १० | डि.ए.पी | १ किलो | | | | | |
| | अक्सिजन सिलिण्डर | १ थान | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | साईज............ | | | | | | |
| | अक्सिजन सिलिण्डर साईज............ | १ थान | | | | | |
| १२ | पि.भि.सि. पोलिट्याङ्ग ५०० लि NS प्राप्त | १ थान | | | | | |
| | पि.भि.सि.पोलिट्याङ्ग १००० लि NS प्राप्त | १ थान | | | | | |
| १३ | एयर कम्प्रेसर साईज............. | १ थान | | | | | |
| | एयर कम्प्रेसर साईज............. | १ थान | | | | | |
| १४ | नेट जाली | १ मिटर | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोट : १) माथि उल्लेखित माछाको भुराको जात अनुसारको विवरण तथा अन्य सामाग्रीहरुको विवरण उल्लेख गरेको इकाई फरक हुने अवस्थामा आफैले बोलपत्रदाता वा अधिकार प्राप्त व्यक्तिले सच्चाएर लेख्न सक्नेछ र केरमेटभएको ठाउँमा अक्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ ।

२) माथि उल्लेखित माछापालन सामाग्रीहरुको विवरण भन्दा फरक गुणस्तर र नामको सामाग्री भएमा बोलपत्रदाताले फारममा रहेको खाली ठाउँमा लेख्न सक्नेछ ।